नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०
चलानी नं.:- २१८

मितिः- २०७९/०८/११

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १२४ मिति २०७९/०८/०७ को परिपत्र गर्ने सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही बमोजिम जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५ को उपदफा (१) मा "मदिरा, चुरोट, सुर्तिजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसार गर्न पाईने छैन" भन्ने व्यहोरा उल्लेख भएकोले ऐनको उक्त व्यवस्था कडाईका साथ लागु गर्ने/गराउने र सोको अनुगमन समेत गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

२०७९।८।११

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थः**

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गराइदिनु हुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रशासन महाशाखा
(कानून शाखा)

२६२६९६
२६९७३६
(४- २६२८०२
२६२९८७
२६२४६८
२६२५४३

रामशाहपथ
काठमाडौं, नेपाल

संघीय मा.म.

पत्र संख्या:-
आ.व.०७९/८०
च.नं.:- १२४

मिति: २०७९/०८/०७

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(सातवटै प्रदेश)।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९५२१
दर्ता मिति:- २०७९/०८/०८

विषयः- परिपत्र गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा हाल विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल लगायतका विद्युतीय माध्यमहरू (होर्डिङ बोर्ड, पोस्टर, पत्रपत्रिका, अनलाईन मिडिया, सोसल मिडिया) मा मदिरा, चुरोट, सूर्ति तथा सूर्तिजन्य पदार्थको विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसार भइरहेको देखिएकोले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५ को उपदफा (१) मा "मदिरा, चुरोट, सूर्तिजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसार गर्न पाईने छैन" भनी उल्लेख भएबमोजिम मदिरा, चुरोट, सूर्ति तथा सूर्तिजन्य पदार्थको उत्पादन, वितरण र प्रसारण सम्बन्धी कार्य रोक्नको लागि विद्युतीय सञ्चार माध्यमबाट हुने प्रचारप्रसारको सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् स्थानीय निकाय र प्रदेश सरकारलाई परिपत्र तथा अनुगमन गर्नको लागि उक्त निकायहरूमा पत्राचार गर्ने भनी यस मन्त्रालयबाट मिति २०७९/०८/०२ को (सचिवस्तरिय) निर्णय भएनुसार जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५ को उपदफा (१) बमोजिमको आवश्यक कार्यार्थ तथा परिपत्र गरिदिनका लागि निर्णयानुसार अनुरोध छ।

श्री स्थानीय तह समन्वय शाखा।
८/११

(शर्मिला वि.क.)
कानून अधिकृत